कुम्मायक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
यासोक, पाँचथर

प.सं. :- ०७८/७९
च.नं. :-
१ नं. प्रदेश, नेपाल

# सूचना ! सूचना !! सूचना !!!

## अदुवाको दरभाउ उपलब्ध गराउने बारे सूचना!!

### प्रथम पटक सूचना प्रकाशित मिति २०७८।१०।२६

प्रस्तुत विषयमा कुम्मायक गाउँपालिकाको चालु आ.व. २०७८/०७९ को वार्षिक स्वीकृत **७५% अनुदानमा अदुवाको बीउ** खरिद कार्यक्रम रहेको हुँदा उक्त कार्यक्रम अनुसार अदुवाको वीउ के कति दररेटमा साथै कति परिमाणमा वीउ उपलब्ध गराउन सकिन्छ कुम्मायक गाउँपालिका भित्रका इच्छुक कृषक समूह/कृषि सहकारी/कृषि फर्महरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कुम्मायक गाउँपालिकाको कार्यालय समय भित्र दररेट उपलब्ध गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**वीउको विशेषता तपशिल अनुसार भएको हुनुपर्नेछ :**

१) जातीय शुद्धता भएको,एउटै जातको गानो ।
२) उपयुक्त साइज तथा आकार ४० देखि ५० ग्राम तौल भएको ।
३) पोटिलो छिप्पीएको (८/९ महिनामा) खनेको ।
४) कम्तीमा एउटा पुष्ट,मोटो टुसा निस्कन सक्ने क्षमता भएको ।
५) अदुवा वीउ नसे जातको हुनुपर्ने ।
६) माउबोटमा गानो कुहिने रोग नलागेको ।

**अनिवार्य संलग्न हुनुपर्ने कागजातहरु :**

१) समूह/सहकारी/फर्म दर्ता/नविकरण प्रमाणपत्र प्रतिलिपी ।
२) स्थायी लेखा नम्बर प्रमाणपत्र प्रतिलिपी ।
३) करचुक्ता प्रमाणपत्र प्रतिलिपी ।
४) लेटरप्याडमा अदुवा वीउ उपलब्ध गराउन सक्ने परिमाण सहित दररेट खुलेको निवेदन ।
५) नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपी ।

.......................................
प्रमुख प्रशासकीय अधिकृत